आज मिति २०७८ साल माघ १४ गते शुक्रवारका दिन धवलागिरी गाउँकार्यपालिकाको अध्यक्ष श्री थमसरा पुन ज्यू को अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री | थमसरा पुन | अध्यक्ष |
| श्री | रेशम छन्त्याल | उपाध्यक्ष |
| श्री | मकु बी. छन्त्याल | वडाध्यक्ष वडा नं. १ |
| श्री | गम प्र. वि.क. | " " " २ |
| श्री | रुम पुन | " " ३ |
| श्री | वेद प्रसाद घर्ति | " " ४ |
| श्री | स्वर्ण कुमारी छन्त्याल | " " ५ |
| श्री | रामलाल उपाध्याय | " " ६ |
| श्री | कलानिधि शर्मा | " " ७ |
| श्री | राम प्र. वि.क. | कार्यपालिका सदस्य |
| श्री | देउ प्रसाद छन्त्याल | " " |
| श्री | खुमा देवी पुर्जा | " " |
| श्री | तिल कुमारी के.सी. | " " |
| श्री | किनमाया घर्ति | " " |
| श्री | बालकुमारी पुनार | " " |
| श्री | कमल प्रसाद ढकाल | नि. प्र. प्र. अधिकृत |

प्रस्तावहरु

१. धवलागिरी गाँउपालिका, गाँउ कार्यपालिकाको प्रशासकीय भवनको विद्युतीय बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।

२. हेलीकप्टर चार्टड बापतको रकम भुक्तानी सम्बन्धमा ।

३. पालीकास्तरीय सहलीकरण समिति गठन सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथी व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण कार्यका लागि विस्तृत संभाव्यता अध्ययन (DPR) र माटोको ल्याब परीक्षण भइसकेको हुँदा प्रशासकीय भवनको विद्युतीय बोलपत्र मार्फत बहुवर्षिय ठेक्का गर्ने र स्रोत व्यवस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक पहल गर्ने र बाँकी रकम गाउँपालिकाबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. १ गुर्जामा मिति २०७८।०५।२३ गते भएको अविरल हिमपातका कारण हिमपहिरो आइ वडा नं. १ गुर्जा निवासी ५० वर्षिय श्री राम बहादुर दल्पाल बेपत्ता भइ हिउँ पग्लेपछि मिति २०७८।०६।२३ गते मृत अवस्थामा फेला परेको र निजको प्रहरी मुचुल्काका लागि प्रहरी पैदल पुग्न नसक्ने गरी बाटो अवरुद्ध भइ लास निकाल्न तथा प्रहरी मुचुल्का गर्नका लागि प्रभु एरको हेलिकप्टर चार्टड बापतको रु. १,५०,०००/- (एक लाख पचास हजार) [illegible] धवलागिरी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रकम भुक्तानी गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न तपशिल बमोजिमको सहजीकरण समिति कार्यविधि बमोजिम गठन गर्ने निर्णय गरियो।

तपशिल

थमहर पुन - संयोजक
बेमान दल्पाल - उपसंयोजक
होम बी. थापा - सदस्य
प्रेम पुन - सदस्य
यमन रोका - सदस्य
कालकुमारी बुढा - सदस्य
सुवादिनि पुर्जा - सदस्य
गोपाल शर्मा - सदस्य सचिव